# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, असार २ गते २०५४ साल (अतिरिक्ताङ्क १३ (अ)

## भाग ३

### निर्वाचन आयोगको सूचना

स्थानीय निकाय निर्वाचन, २०५४ को सन्दर्भमा नेपाल अधिराज्यका सबै जिल्ला विकास समितिहरूको निर्वाचन कार्यक्रम यस आयोगको मिति २०५४।२।१६ को निर्णयानुसार स्थगित गरिएकोमा यस आयोगबाट देहायबमोजिम गर्ने निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका सबै जिल्लाहरूका जिल्ला विकास समितिहरूको निर्वाचनको लागि २०५४ साल आषाढ २७ गतेको दिन विहान ८:००बजेदेखि १७:०० बजेसम्म मतदान गर्ने गरी निर्वाचन कार्यक्रम सञ्चालन गर्ने ।

२. मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गतको रुकुम जिल्लामा ७० प्रतिशतभन्दा पनि बढी गाउँ विकास समितिहरूका पदहरू र केही अन्य जिल्लाहरूका कतिपय गाउँ विकास समितिका धेरै पदहरू पनि निर्वाचन हुन नसकी रिक्त रहन गएको अवस्थामा त्यस्ता जिल्लाहरूको जिल्ला विकास समितिका सदस्यहरूको निर्वाचन सम्पन्न गर्न औचित्यपूर्ण नदेखिएको र स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा १२ को उपदफा (२) बमोजिम एक विकास क्षेत्रको स्थानीय निकायको निर्वाचन एकै पटक सम्पन्न गर्नु पर्ने कानूनी प्रावधान भएकोले सो मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गतका सबै जिल्लाहरूको जिल्ला विकास समितिहरूको निर्वाचन हाललाई स्थगित गर्ने ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । 53

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।